# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, चैत्र २६ गते, २०८० साल (अतिरिक्ताङ्क ३५

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

# कर्मचारीको स्वतः बढुवा तथा तह वृद्धि सम्बन्धी निर्देशिका, २०८०

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रदेश निजामती सेवा ऐन, २०७९ मा व्यवस्था भएको स्वतः बढुवा तथा तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो निर्देशिका जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो निर्देशिकाको नाम "कर्मचारीको स्वतः बढुवा तथा तह बृद्धि सम्बन्धी निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले प्रदेश निजामती सेवा ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) "निकाय" भन्नाले प्रचलित कानून बमोजिम प्रदेश मातहत रहने गरी स्थापना भएका आयोग, सचिवालय, निर्देशनालय, प्रतिष्ठान, प्राधिकरण, तालिम केन्द्र, आयोजनाको कार्यालय तथा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका निकाय सम्झनु पर्छ र सो शब्दले मुख्य न्यायाधिवक्ताको कार्यालयलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) "मन्त्रालय" भन्नाले प्रदेश अन्तर्गतका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

३. <u>स्वतः बढुवा तथा तह वृद्धि गर्नुपर्ने:</u> (१) कर्मचारी समायोजन ऐन, २०७५ तथा नेपाल सरकारको निर्णय बमोजिम प्रदेशमा चौथो तहमा समायोजन भएका र प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) प्रारम्भ हुँदाका बखत चौथो तहमा ५ वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीलाई ऐनको दफा ८ को उपदफा (१४) बमोजिम एक पटकको लागि यो निर्देशिका जारी भएको मितिले पन्ध्र दिन भित्रमा सम्बन्धित मन्त्रालय वा निकायले निर्णय गरी सम्बन्धित सेवा, समूह वा उपसमूहको पाँचौ तहमा बढुवा गर्नु पर्नेछ।

(२) ऐनको दफा ३० बमोजिमको योग्यता पुगेका प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीलाई पाँचौ तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कर्मचारीको स्वतः बढुवा वा तह बृद्धि गर्दा ऐनको दफा २९ बमोजिम कर्मचारीको सेवा अवधिको गणना गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम कर्मचारीको स्वतः बढुवा वा तह वृद्धि गर्दा उपदफा (५) बमोजिम गणना भएको सेवा अवधिबाट ज्येष्ठता कायम हुने गरी माघ एक गते वा साउन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

एक गते देखि लागु हुनेगरी बढुवा वा तह वृद्धिको निर्णय गर्नु पर्नेछ ।

४. <u>सूचना प्रकाशन गर्ने:</u> (१) दफा ३ को उपदफा (२) बमोजिम तह वृद्धि गर्दा मन्त्रालय तथा निकायले प्रत्येक आर्थिक वर्षको पुस र असार महिनाको एक गते तह वृद्धिका लागि तीस दिने सूचना जारी गरी त्यस्तो सूचना मन्त्रालय तथा निकायको वेबसाइटमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका जारी हुनुअघि ऐन बमोजिम प्रकाशित भएको सूचना यसै निर्देशिका बमोजिम जारी भएको मानिनेछ ।

५. <u>निवेदन दिनु पर्ने:</u> (१) दफा ३ को उपदफा (१) बमोजिम स्वतः बढुवा हुने कर्मचारीले उपदफा (२) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमका कागजात संलग्न गरी सम्बन्धित मन्त्रालय वा निकायमा निवेदन दिनु पर्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिम तह वृद्धि हुने कर्मचारीले देहायका विवरण तथा कागजात संलग्न गरी सम्बन्धित मन्त्रालय वा निकायमा निवेदन दिनु पर्नेछः-

(क) पछिल्लो तीन बर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा पत्रको प्रतिलिपि,

(ग) प्रदेशमा समायोजन भएको पत्रको प्रतिलिपि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेसा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र ।), र

(च) ऐनको दफा ३० को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

६. <u>तह वृद्धि सिफारिस तथा निर्णय सम्बन्धी कार्यविधिः</u> (१) ऐनको दफा ३० को उपदफा (४) बमोजिम गठन हुने तह वृद्धि सिफारिस समितिको सचिवालय सम्बन्धित मन्त्रालय तथा निकायमा रहनेछ ।

(२) ऐनको दफा ३० को उपदफा (४) बमोजिमको सिफारिस समितिले दफा ५ को उपदफा (२) बमोजिम तह बृद्धिका लागि प्राप्त हुन आएका निवेदन र कागजातका आधारमा ऐनको दफा ३३ बमोजिमको अवस्था नभएका कर्मचारीलाई मात्र सम्बन्धित सेवा समूह वा उपसमूह भित्र तह वृद्धिको निर्णयका लागि दश दिनभित्र सम्बन्धित मन्त्रालय वा निकायमा सिफारिस गर्नु पर्नेछ ।

तर, यो निर्देशिका जारी हुनुअघि सूचना प्रकाशन भई सङ्कलन भएका निवेदनका हकमा निर्देशिका जारी भएको मितिले पन्ध्र दिनभित्र तह वृद्धिको सिफारिस गर्न बाधा पर्नेछैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) उपदफा (२) बमोजिम तह वृद्धिका लागि सिफारिस भएका कर्मचारीलाई ऐनको दफा ३० को उपदफा (२) बमोजिमको अधिकारीले सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र तह वृद्धिको निर्णय गर्नु पर्नेछ ।

(४) उदपफा (३) बमोजिम तह वृद्धिको निर्णय गर्दा दफा ३ को उपदफा (५) बमोजिम ज्येष्ठता कायम हुने गरी सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम तह वृद्धि भएका कर्मचारीको विवरण सम्बन्धित मन्त्रालय तथा निकायले अनिवार्य रुपमा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ ।

(६) तह वृद्धि सिफारिस समितिको बैठक व्यवस्थापनको कार्य सम्बन्धित मन्त्रालय तथा निकायका प्रशासन हेर्ने शाखाका कर्मचारीले गर्नु पर्नेछ ।

७. <u>स्वतः बढुवा तथा तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधाः</u> (१) दफा ३ को उपदफा (१) वा (२) बमोजिम स्वतः बढुवा वा तह वृद्धि हुने कर्मचारीले सम्बन्धित मन्त्रालय तथा निकायले बढुवा वा तह वृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन् ।

(२) ऐन तथा यस निर्देशिका बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा ऐनको दफा ३० को उपदफा (७) बमोजिम तलब मिलान गरी भुक्तानी गर्नु पर्नेछ ।

(३) तह वृद्धि भएका कर्मचारी सेवा निवृत हुदाँ उपदान तथा निवृत्तिभरणको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

८. <u>जानकारी दिनु पर्नेः</u> यस निर्देशिका बमोजिम सम्बन्धित मन्त्रालय तथा निकायले गरेको स्वतः बढुवा वा तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोक सेवा आयोग र प्रदेश किताबखानालाई दिनु पर्नेछ ।

९. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस निर्देशिकामा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

११. <u>खारेजी र बचाउः</u> "कर्मचारीको तह वृद्धि सम्बन्धी निर्देशिका, २०७९" खारेज गरिएको छ र सो निर्देशिका बमोजिम भए गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

स्वीकृत मितिः- २०८०/१२/२६

आज्ञाले,
बद्री कुमार कार्की
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**